# विद्युत उत्पादन कम्पनी लिमिटेड
# Vidhyut Utpadan Company Limited

## बिज्ञहरुको सूची (Roster) मा सुचिकृत हुन निवेदन दिने सम्बन्धी सूचना !!!
## (प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१५)

यस कम्पनीद्वारा निर्माण गरिने विभिन्न जलविद्युत आयोजनाहरुको प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय पक्ष लगायत कम्पनीले सम्पादन गर्ने अन्य कार्यहरुको सिलसिलामा अध्ययन, अनुसन्धान, मूल्यांकन एबं विश्लेषण गर्ने कार्यका लागि सम्बन्धित विषयको बिज्ञहरुलाई सूचीकृत गरी परामर्श सेवा लिने/खरिद गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा विद्युत उत्पादन कम्पनी लिमिटेडको खरिद विनियमावली, २०७७ को विनियम २५ बमोजिम मौजुदा सूचि अद्यावधिक गर्नु पर्ने भएकोले बिज्ञहरुको सूची (Roster) तयार गर्ने सन्दर्भमा योग्यता पुगेका ईच्छुक व्यक्तिले निम्नानुसारको विवरण सहित यस कम्पनीमा आईपुग्ने गरी निवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

### क) सूचीकृत गरिने विषयः

**Specialist Engineers:** Hydropower Engineer, Dam Engineer, Powerhouse Engineer, Surveyor, Geotechnical Tunnel Engineer, Hydrologist, Hydraulic Engineer, Highway/ Transportation Engineer, Environmental Engineer, Highway Engineer, Structural Engineer, Electrical Engineer, Transmission Line Engineer, Power System Engineer, Electro-mechanical Engineer, Mechanical Engineer, Hydro Mechanical Engineer, Construction Planner, Civil Engineer, Contract Expert, Architect, IT (Software, Hardware, Network, Communication), Project Management Expert or Equivalent.

**Specialist Non- Engineers:** Geologist, Engineering Geologist, Geo-Physical, Seismologist, Hydrologist, Financial Analyst, Environment Expert, Sociologist, Anthropologist, Zoologist, Botanist, EMP Expert, Resettlement Expert, Legal Expert, Management Expert, Project Management Expert or Equivalent.

### ख) योग्यताः

१) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सोही विषयमा कम्तीमा १० (दश) बर्षको कार्य अनुभव भएको ।

२) माथि उल्लेखित योग्यता पुगेका नेपाली नागरिक वा गैर आवशीय नेपाली वा नेपालमा कार्य गर्न नेपाल सरकारबाट ईजाजत प्राप्त गरी कार्य गर्न सक्ने बिदेशी नागरिक विज्ञ सूचीमा सूचीकृत हुन सक्ने छन् ।

### ग) संलग्न गरिनु पर्ने कागजातहरुः

१) व्यक्तिगत विवरण (Bio-data) दस्तखत सहित।

२) नेपाली नागरिकताको प्रतिलिपी (गैर आवशीय नेपाली र बिदेशीको हकमा राहदानीको प्रतिलिपी)।

३) स्थायी लेखा नम्बर वा मु.अ.कर दर्ता प्रमाणपत्रको छायांप्रति (नेपाली नागरिकको हकमा)।

### घ) निवेदन बुझाउने स्थान र प्रकृयाः

१) उल्लेखित विषयहरु मध्ये आफू सूचीकृत हुन चाहेको विषय निवेदनमा स्पष्टरुपमा खुलाई तोकिए बमोजिमका आवश्यक कागजात सहित सोझै कम्पनीको कार्यालय बिपिसी भवन, बुद्धनगर, काठमाडौंमा कार्यालय समयभित्र बुझाउन सकिनेछ वा कम्पनीको ईमेलः procurement@vucl.org मा आवश्यक कागजात PDF Format मा पठाउन सकिनेछ ।

२) योग्यता पुगेका व्यक्तिले एक वा सोभन्दा बढी विषयमा समेत निबेदन दिन सक्नेछन्।

नोटः प्राप्त निबेदन उपर अध्ययन गरी विज्ञको सूचीमा समावेश गर्ने वा नगर्ने अन्तिम अधिकार कम्पनीमा सुरक्षित रहने छ। यस सम्बन्धी थप जानकारीको लागि कम्पनीको कार्यालय बिपिसी भवन, बुद्धनगर, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न वा कम्पनीको फोन नं. ०१-४७९८६८० वा ईमेलः info@vucl.org बाट जानकारी प्राप्त गर्न सकिनेछ।